# प्रेस विज्ञप्ति

आदरणीय महानुभावहरु / पत्रकार साथीहरु

हार्दिक अभिवादन ! नमस्कार

२०७९ मंसिरको प्रदेश सभा सदस्य निर्वाचनमा कास्की क्षेत्र नम्बर २ (१) मा जनताको प्यारो पार्टी नेकपा (एमाले)को उम्मेदवार हुँदा समादरणीय मतदाताहरुको अपार मत प्राप्त गरी निर्वाचित हुन पाएकोमा आफूलाई जनताप्रति थप जिम्मेवार र ऋणी अनुभूत गरेको थिएँ । न्यायप्रेमी आदरणीय मतदाताहरुले गर्नुभएको विश्वासकै आधारमा प्रदेश सभा सदस्यका रुपमा आफ्नो कर्तव्य निर्वाह गर्दै आएको सविनय अवगत पनि गराउँछु ।

आखिर राजनीतिक कर्म भनेकै राष्ट्र जनता केन्द्रित हुन्छ । सक्रिय राजनीतिक कार्यकर्ताका रुपमा रहँदा वा पार्टीको जिम्मेवार ओहोदामा रहँदा पनि जनजीविकाका सवालहरु मेरो प्राथमिकतामा थिए भन्ने तमाम प्रदेशवासी र कस्केली जनताका बिचमा छिपेको छैन भन्नेमा पूर्ण रुपमा विश्वस्त छु । त्यसैको नतिजा नै मैले गएको निर्वाचनमा प्राप्त गरेको जनताको माया मेरो विश्वास हो ।

निर्वाचित भएर गण्डकी प्रदेश सभामा गइसकेपछि सभाको शून्य समय होस् या विशेष समय अथवा अरु नियमित बैठकमा मैले कास्की २ (१) का जनताका समस्याहरु राख्ने गरेको छु । यहाँको विकास निर्माण, समृद्धि र जनताको जीवनस्तर उकास्न प्रदेश सरकारको ध्यानाकर्षण गराउने काममै मेरो अर्जुनदृष्टि छ रहनेछ ।

यस अवधिमा ४ वटा अधिवेशन भएका छन् । सो अधिवेशनहरुमा ५४ वटा बैठक सम्पन्न भए । यि सबै अधिवेशनका बैठकहरुमा मेरो उपस्थिती रह्यो ।

मूलतः प्रदेश सभाको काम भनेको नीति निर्माण अर्थात ऐन कानुन बनाउने नै हो । तर त्यसो भन्दैमा जनताको विकास र समृद्धिप्रतिको अपेक्षालाई नजर अन्दाज गर्न सकिन्न मात्रै होइन गर्नुहुँदैन भन्ने मान्यता म राख्दछु । सार्वभौम जनताले आफ्नो अधिकारको प्रयोग हामी जनप्रतिनिधिमार्फत गर्ने हुँदा त्यही मर्मलाई ख्याल गरी आफ्नो भूमिकामा कटिबद्ध भएको छु । प्रदेश सभामार्फत प्रदेश सरकारलाई जनउत्तरदायी बनाउन प्रतिपक्ष सांसदको हैसियतमा खबरदारी गर्दै आएको छु । आफ्नो पार्टी सत्तामा हुँदा पनि र नहुँदा पनि मेरो एकमात्रै ध्यान सरकारलाई जनताका अपेक्षा पूरा गराउन केन्द्रित रहेको निवेदन गर्छु ।

हामी निर्वाचित भएर गइसकेपछि प्रदेश सभाले प्रथम अधिवेशनबाट स्विकृत अध्यादेशहरु २ वटा, विधेयकहरु ४ वटा रहेका छन् । चौंथो अधिवेशनबाट पारित विधेयकहरु २ वटा रहेका छन् भने गण्डकी प्रदेश नियमावली २०८० पनि पारित भएको छ ।

प्रदेशसभामा विधेयक दर्ता भएपछि नै तिनलाई केस्राकेस्रा केलाएर प्रभावकारी र त्रुटिरहित बनाउने तथा जनताका सवालमा केन्द्रित बनाउने भूमिका निर्वाहमा म सधैं केन्द्रित रहें । अत्यावश्यक विधेयकहरु ल्याउन सरकारलाई घच्घच्याएकै प्रतिफल केही विधेयकहरु आए र कार्यान्वयन भए ।

गण्डकी प्रदेश सभा नियमावली मस्यौदा समितिमा सदस्य रही काम गर्दै आइरहेको थिएँ । प्रदेश सभा नियमावली मस्यौदा समितिको १८ वटा बैठकहरु सम्पन्न भए । बैठकमा मस्यौदामाथी शब्दशब्द अक्षर अक्षर वाक्य वाक्यमा छलफल गरि नियमावली तयार बनाएर प्रदेश सभाबाट पारित गरिएको छ भने यसको लोगो पनि निर्माण गरिएको छ ।

प्रदेश सभा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रममार्फत जनताका विकास निर्माणका काम गर्न सरकारले बजेट विनियोजनसमेत गरेको छ । प्रदेश सभा सदस्यले जनताका आवश्यकता हेरी योजना छनोट गर्ने यो कार्यक्रममा मेरो निर्वाचन क्षेत्रमा निम्नानुसारका योजना तथा कार्यक्रम र बजेट विनियोजन भएको अवगत गराउँछु । २०७९/०८० सालमा योजना र विनियोजन भएको रकम निम्न अनुसार छन् ।

**१) आयोजनाको नामः स्वास्थ्य चौकीदेखि महतगौंडासम्मको बाँकी सडक स्तरोन्नति**

स्थानः पोखरा महानगरपालिका वडा नम्बर १७

विनियोजित रकम- ५० लाख (पूर्ण रुपमा काम सम्पन्न)

उपभोक्ता समिति अध्यक्ष - लक्ष्मण भण्डारी



**२) आयोजनाको नाम : भञ्ज्याङ आँपुकस्यारी मोटर बाटो स्तरोन्नति**

आयोजनाको ठेगाना : पोमनपा वडा नम्बर ३३, आँपुकस्यारी, कास्की

कुल विनियोजित रकम : रु ३०,००,०००/- (पूर्ण रुपमा काम सम्पन्न)

अध्यक्ष: चन्द्रबहादुर पुन मगर





**३) आयोजनाको नाम - एकतापथ टुटुंगा मोटर बाटो बाँकी ढलान, पोखरा -१५, टुटुंगा**

कुल विनियोजित रकम - रु २०,००,००० (पूर्ण रुपमा काम सम्पन्न)

उपभोक्ता समितिको अध्यक्ष- नेत्रबहादुर केसी



**४) योजनाको नाम : पुरानो कोलसिम्ले सडक स्तरोन्नति, पोखरा-२१, कास्की**

आयोजनाको कुल लागत रकमः २०,००,००० /- (पूर्ण रुपमा काम सम्पन्न)

उपभोक्ता समितिको अध्यक्ष- भगवान पोखरेल



**५) आयोजनाको नामः- जुके हनुमान पोखरी मोटरबाटो स्तरोन्नति**

आयोजनाको ठेगानाः- पोमनपा-३३, जुके हनुमान पोखरी ३३, कास्की

आयोजकको कुल विनियोजित रकमः- रु ३०,००,०००/- (पूर्ण रुपमा काम सम्पन्न)

उपभोक्ता समिति अध्यक्ष :- रुमबहादुर मल्ल ठकुरी



**६) आयोजनाको नामः झपेन्द्र स्मृति भवनको बाँकी काम पूरा गर्ने, पोमनपा -७, कास्की क्षेत्र नं २(१)**

कुल लागत रकमः रु २०,००,०००/- (पूर्ण रुपमा काम सम्पन्न)

उपभोक्ता समितिको अध्यक्षको नाम : लालुप्रसाद सुवेदी



**७) रामदी एकहाते एकीकृत खानेपानी योजना**

कुल बजेट – २० लाख

उपभोक्ता समितिको अध्यक्षको नाम : खम बहादुर गुरुङ



**८) आयोजनाको नाम : बक्रेक, कात्तिके सडक स्तरोन्नति**

कुल बजेट : रु २०,००,०००/- (पूर्ण रुपमा काम सम्पन्न)

उपभोक्ता समितिको अध्यक्षको नाम : खिमबहादुर थापा





**९) धारापानी कुल मन्दिरदेखि ग्राउण्डसम्म सिंढी बाटो निर्माण**

कुल बजेट : १० लाख (सम्पन्न)

उपभोक्ता समितिको अध्यक्षको नाम : सु. मनबहादुर थापा



**१०) पोखरा १७ दोभिल्ला वस्ती जोगाउन फुस्रे खोलामा तटबन्धन लगाएको**

कुल बजेट : २० लाख (पूर्ण रुपमा काम सम्पन्न)

उपभोक्ता समितिको अध्यक्षको नाम : कमल गिरी



११ ) पोखरा २१ फेदीपाटन मासपाटन दम्साँदी हुँदै पहारी डाँडासम्मको कृषि सडकको लागि १ करोड विनियोजन भई ठेक्का प्रक्रियामा बहुवर्षिय योजनाका लागि अघि बढेको ।

**आर्थिक वर्ष २०८०/०८१ का लागि विभिन्न मन्त्रालय अन्तर्गत निम्न कार्यालयहरुमा योजनाहरु कास्की क्षेत्र नं २(१)मा समावेश भएका छन् :**

भू तथा जलाधार ब्यवस्थापन कार्यालय : १८ वटा

पर्यटन तथा उद्योग कार्यालय कास्की : १२ वटा

डिभिजन वन कार्यालय : १ वटा

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय कास्की : २२ वटा

समपुरक अनुदान अन्तर्गत : २ वटा

पुर्वाधार बिकास कार्यालय : २६ वटा

जलस्रोत तथा सिंचाइ डिभिजन : १२ वटा

पुल निर्माण : २ वटा

छनौट भएका योजना र विनियोजित रकम यस आर्थिक वर्षमा पनि पहिलेको जस्तै पूर्णरुपमा सम्पन्न गर्नका निम्ति सम्पूर्णमा हार्दिक अनुरोध गर्दछु ।

**भीमबहादुर कार्की**
गण्डकी प्रदेश सभा सदस्य, कास्की २ (१)
९८५६०–५७७६६